# प्रेस विज्ञप्ति

सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिनासँग नेपाल सदस्य रहेको International Telecommunication Union (ITU) का दक्षिणपूर्वी एसिया तथा एसिया प्यासेफिक क्षेत्रका सदस्य मुलुकहरूका लागि क्षेत्रीय प्रतिनिधि Mr. Kishore Babu G.S.C Yerraballa ले आज मिति २०८३ जेठ १३ गते बुधवार मन्त्रालयमा शिष्टाचार भेट गर्नुभयो।

उक्त भेटघाटमा Mr. Kishore Babu G.S.C Yerraballa ले ITU नेपालको दूरसञ्चार सम्बन्धी कानूनमा समसामयिक पुनरालोकन, स्पेक्ट्रम व्यवस्थापन, साइबर सुरक्षा, राष्ट्रिय आपतकालीन दूरसञ्चार योजना निर्माण, Early Warning for All (EW4ALL), डिजिटल नवप्रवर्तन तथा कनेक्टिभिटी, स्मार्ट आधारभूत डिजिटल संरचना निर्माण र क्षमता विकास लगायतका क्षेत्रमा नेपाललाई थप सहयोग उपलब्ध गराउन तत्पर रहेको जानकारी गराउनु भयो।

उक्त अवसरमा सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिनाले ITU ले नेपाललाई नीतिगत, प्राविधिक र क्षमता विकासका क्षेत्रमा उपलब्ध गराउँदै आएको सहयोगको लागि आभार व्यक्त गर्नुभयो। भेटवार्तामा मन्त्री तिमिल्सिनाले नेपाल सरकारको प्राथमिकता सूचना प्रविधि क्षेत्रमा रूपान्तरण रहेकोले डिजिटल विभाजन अन्त्य गर्न दुर्गम क्षेत्रमा सञ्चार सञ्जाल विस्तार तथा पूर्वाधार निर्माण गर्न सरकार प्रतिवद्ध रहेको बताउनु भयो। सो अवसरमा नेपालको आफ्नै भू-उपग्रह राख्नको लागि प्रभावकारी तथा उपयुक्त अर्विटल स्लटको सुनिश्चितता, फ्रिक्वेन्सी व्यवस्थापनको लागि आन्तरिक क्षमता अभिवृद्धि र फ्रिक्वेन्सी अनुगमन प्रणाली विकासको लागि सम्भाव्यता अध्ययनका लागि प्राविधिक सहयोग लगायतका विषयमा समेत छलफल भयो।

आपसी हितका विषयमा छलफल भएको सो भेटघाटमा मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणका पदाधिकारीहरूको समेत सहभागिता रहेको थियो।

काठमाडौं, १३ जेठ २०८३

२०८३।२।१३

CS Scanned with CamScanner